# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७५) काठमाडौं, साउन १४ गते, २०८२ साल (अतिरिक्ताङ्क २१


# भाग २

## नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपालको संविधान बमोजिम सङ्घीय संसद्ले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### संवत् २०८२ सालको ऐन नं. ०६

### केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन

**प्रस्तावना :** प्रचलित नेपाल ऐनमा समसामयिक सुधार गर्न केही नेपाल ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसद्ले यो ऐन बनाएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**१.** **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस ऐनको नाम "केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०८२" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

**२.** **<u>प्रहरी ऐन, २०१२ मा संशोधन</u>** : प्रहरी ऐन, २०१२ को,-

(१) दफा १५ को उपदफा (१) को खण्ड (ट) को सट्टा देहायको खण्ड (ट) राखिएको छः-

"(ट) सेवाग्राही लगायत सबैसँग शिष्ट र मर्यादित व्यवहार गर्ने।"

(२) दफा ३६ को उपदफा (१) को खण्ड (ख) मा रहेको "क्षेत्रीय" भन्ने शब्दको सट्टा "प्रदेश" भन्ने शब्द राखिएको छ।

**३.** **<u>गैरसैनिक हवाई उडान (सिभिल एभिएशन) ऐन, २०१५ मा संशोधन</u>** : गैरसैनिक हवाई उडान (सिभिल एभिएशन) ऐन, २०१५ को दफा ३ को उपदफा (२) को खण्ड (च) मा रहेका "इजाजत दिने" भन्ने शव्दहरूको सट्टा "इजाजत दिने र दस्तुर तोक्ने" भन्ने शव्दहरू राखिएका छन्।

**४.** **<u>ब्रेटन उड्स सम्झौता ऐन, २०१८ मा संशोधन</u>** : ब्रेटन उड्स सम्झौता ऐन, २०१८ को दफा ६ को उपदफा (२) मा रहेका "को दफा २५ को खण्ड (११)" भन्ने शव्दहरू झिकिएका छन्।

**५.** **<u>कर्मचारी सञ्चय कोष ऐन, २०१९ मा संशोधन</u>** : कर्मचारी सञ्चय कोष ऐन, २०१९ को,-

(१) दफा १२ख. को उपदफा (५) झिकिएको छ।

(२) दफा १८ को खण्ड (ग) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "खण्ड (ग२)" भन्ने शव्दहरूको सट्टा "खण्ड (च)" भन्ने शव्दहरू राखिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. **<u>नेपाल मेडिकल काउन्सिल ऐन, २०२० मा संशोधन</u>** : नेपाल मेडिकल काउन्सिल ऐन, २०२० को दफा १४ को दफा शीर्षकमा रहेको "रजिष्टरमा" भन्ने शब्दको सट्टा "दर्ता किताबमा" भन्ने शब्दहरू राखिएका छन्।

७. **<u>छात्रवृत्ति सम्बन्धी ऐन, २०२१ मा संशोधन</u>** : छात्रवृत्ति सम्बन्धी ऐन, २०२१ को दफा ३ख. को उपदफा (३) को स्पष्टीकरण झिकिएको छ।

८. **<u>स्थानीय प्रशासन ऐन, २०२८ मा संशोधन</u>** : स्थानीय प्रशासन ऐन, २०२८ को दफा ९ को उपदफा (२क) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "स्थानीय निकाय" भन्ने शब्दहरूको सट्टा "स्थानीय तह" भन्ने शब्दहरू राखिएका छन्।

९. **<u>राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ मा संशोधन</u>** : राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को,-

(१) दफा २ को खण्ड (ञ२) पछि देहायको खण्ड (ञ३) थपिएको छः-

"(ञ३) "उपभोक्ता समिति" भन्नाले दफा १६ग. बमोजिमको उपभोक्ता समिति सम्झनु पर्छ।"

(२) दफा २६ को,-

(क) उपदफा (४) मा रहेका "पन्ध्र हजार रुपैयाँदेखि तीस हजार रुपैयाँसम्म जरिबाना वा तीन महिनादेखि नौ महिनासम्म कैद" भन्ने शब्दहरूको सट्टा "बिस हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना वा छ महिनादेखि एक वर्षसम्म कैद" भन्ने शब्दहरू राखिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) उपदफा (५) मा रहेका "बीस हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना वा छ महिनादेखि एक वर्षसम्म कैद" भन्ने शब्दहरूको सट्टा "पन्ध्र हजार रुपैयाँदेखि तीस हजार रुपैयाँसम्म जरिबाना वा तीन महिनादेखि नौ महिनासम्म कैद" भन्ने शब्दहरू राखिएका छन्।

**१०. जग्गा प्राप्ति ऐन, २०३४ मा संशोधन** : जग्गा प्राप्ति ऐन, २०३४ को दफा ५ को उपदफा (२) मा रहेका "नेपाल सरकारले" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित मन्त्रालयले" भन्ने शब्दहरू राखिएका छन्।

**११. पर्यटन ऐन, २०३५ मा संशोधन** : पर्यटन ऐन, २०३५ को दफा ३९ को उपदफा (३) मा रहेका "उपदफा (१)" भन्ने शब्दहरूको सट्टा "उपदफा (२)" भन्ने शब्दहरू राखिएका छन्।

**१२. औषधि ऐन, २०३५ मा संशोधन** : औषधि ऐन, २०३५ को दफा ११ को सट्टा देहायको दफा ११ राखिएको छः-

"११. उत्पादन अनुज्ञापत्र, सिफारिसपत्र र प्रमाणपत्रको अवधि र नवीकरण : (१) उत्पादन अनुज्ञापत्र, सिफारिसपत्र र प्रमाणपत्र जारी भएको मितिले देहायको अवधिसम्म मान्य हुनेछः-

(क) दफा ८ बमोजिमको उत्पादन अनुज्ञापत्र पाँच वर्ष,

(ख) दफा ८क. बमोजिमको प्रमाणपत्र तीन वर्ष,

(ग) दफा ९ बमोजिमको सिफारिसपत्र तीन वर्ष, र

(घ) दफा १० बमोजिमको प्रमाणपत्र तीन वर्ष।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिमको अवधि समाप्त हुनुभन्दा अगावै सम्बन्धित व्यक्तिले तोकिएको दस्तुर तिरी प्रत्येक उत्पादन अनुज्ञापत्र, सिफारिसपत्र र प्रमाणपत्र नवीकरण गर्नको लागि विभागमा निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन दिन नसक्ने व्यक्तिले सोको कारण खुलाई उपदफा (१) बमोजिमको अवधि समाप्त भएको मितिले तीस दिनभित्र दोब्बर दस्तुर सहित प्रत्येक उत्पादन अनुज्ञापत्र, सिफारिसपत्र र प्रमाणपत्र नवीकरणको लागि विभागमा निवेदन दिन सक्नेछ।

(४) उपदफा (२) वा (३) बमोजिम परेको निवेदनको सम्बन्धमा आवश्यक जाँचबुझ गरी विभागले उत्पादन अनुज्ञापत्र, सिफारिसपत्र र प्रमाणपत्र अर्को अवधिको लागि नवीकरण गरिदिन सक्नेछ।

(५) यस दफा बमोजिम नवीकरण नगराएको उत्पादन अनुज्ञापत्र, सिफारिसपत्र वा प्रमाणपत्र स्वतः रद्द हुनेछ। त्यसरी रद्द भएको जानकारी विभागले सम्बन्धित व्यक्तिलाई दिनु पर्नेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुनुअघि कायम रहने अवधि समाप्त भएका उत्पादन अनुज्ञापत्र, सिफारिसपत्र र प्रमाणपत्र नवीकरणको लागि त्यस्तो अवधि समाप्त भएको तीन महिनाभित्र नवीकरण गराउन आएमा पच्चीस प्रतिशत थप दस्तुर लिई यस दफा बमोजिम नवीकरण गर्न बाधा परेको मानिने छैन।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**१३. <u>भू तथा जलाधार संरक्षण ऐन, २०३९ मा संशोधन</u>** : भू तथा जलाधार संरक्षण ऐन, २०३९ को,-

(१) दफा २ को खण्ड (घ) मा रहेका "भू तथा जलाधार संरक्षण विभाग" भन्ने शब्दहरूको सट्टा "वन तथा भू-संरक्षण विभाग" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा ३ को उपदफा (२) पछि देहायका उपदफा (३) र (४) थपिएका छन्:-

"(३) उपदफा (१) बमोजिम घोषित संरक्षित जलाधार क्षेत्रको संरक्षण र व्यवस्थापनका लागि जलाधार संरक्षण अधिकृतले एकीकृत जलाधार व्यवस्थापन कार्ययोजना तर्जुमा गरी विभागमा पेस गर्नु पर्नेछ र विभागबाट स्वीकृत भएपछि त्यस्तो कार्ययोजना कार्यान्वयन गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको कार्ययोजना कार्यान्वयन गर्दा स्थानीय तहको समन्वयमा गर्नु पर्नेछ।"

(३) दफा २३ को उपदफा (२) मा रहेका "लिन सक्नेछ" भन्ने शब्दहरूको सट्टा "लिनु पर्नेछ" भन्ने शब्दहरू राखिएका छन्।

**१४. <u>नेपाल पेट्रोलियम ऐन, २०४० मा संशोधन</u>** : नेपाल पेट्रोलियम ऐन, २०४० को दफा २४ को उपदफा (२) मा रहेका "विदेशी लगानी र प्रविधि सम्बन्धी ऐन, २०३८ र औद्योगिक व्यवसाय ऐन, २०३८" भन्ने शब्दहरूको सट्टा "विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ र औद्योगिक व्यवसाय ऐन, २०७६" भन्ने शब्दहरू राखिएका छन्।

**१५. <u>नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ मा संशोधन</u>** : नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ को दफा ९ को,-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) उपदफा (३) को खण्ड (घ), (ङ) र (च) को सट्टा देहायका खण्ड (घ), (ङ) र (च) राखिएका छन्:-

"(घ) मान्यताप्राप्त विश्वविद्यालयबाट अर्थशास्त्र, वाणिज्यशास्त्र, वित्त वा व्यवस्थापन विषयमा कम्तीमा स्नातक उपाधि हासिल गरेको र वित्त व्यवस्थापन वा परियोजना लगानीको क्षेत्रमा कम्तीमा पाँच वर्षको कार्यानुभव भएका व्यक्तिमध्येबाट नेपाल सरकारद्वारा मनोनीत एक जना -सदस्य

(ङ) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक उपाधि हासिल गरेको र उपभोक्ताको हक हितसँग सम्बन्धित निकाय वा संस्थामा कम्तीमा पाँच वर्षको अनुभव प्राप्त गरेको विद्युत उपभोक्ताहरूमध्येबाट नेपाल सरकारद्वारा मनोनीत दलित समुदायबाट कम्तीमा एक जना सहित दुई जना -सदस्य

(च) मान्यता प्राप्त विश्वविद्यालयबाट इन्जिनियरिङ्ग विषयमा कम्तीमा स्नातक उपाधि हासिल गरी जलविद्युत वा पूर्वाधारको क्षेत्रमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कम्तीमा पाँच वर्षको कार्य अनुभव भएका व्यक्तिहरूमध्येबाट नेपाल सरकारद्वारा मनोनीत कम्तीमा एक जना महिला सहित दुई जना -सदस्य"

(२) उपदफा (४) पछि देहायको उपदफा (४क) थपिएको छः-

"(४क) यो उपदफा प्रारम्भ हुँदाका बखत कायम रहेका उपदफा (३) को खण्ड (घ), (ङ) र (च) बमोजिम मनोनीत सदस्यहरू मनोनीत हुँदाका बखत तोकिएको कार्यावधिसम्म बहाल रहनेछन्।"

**१६. <u>नेपाल संस्कृत विश्वविद्यालय ऐन, २०४३ मा संशोधन</u>** : नेपाल संस्कृत विश्वविद्यालय ऐन, २०४३ को दफा २९क. को उपदफा (३) मा रहेका "उपदफा (२)" भन्ने शब्दहरूको सट्टा "उपदफा (१)" भन्ने शब्दहरू राखिएका छन्।

**१७. <u>नेपाल खानेपानी संस्थान ऐन, २०४६ मा संशोधन</u>** : नेपाल खानेपानी संस्थान ऐन, २०४६ को,-

(१) दफा ८ को उपदफा ८.१ को उपदफा ८.१.२ मा रहेका "भौतिक योजना तथा निर्माण मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "खानेपानी मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा १९ को उपदफा १९.२ को उपदफा १९.२.१ झिकिएको छ।

(३) दफा २५ मा रहेका "आवास तथा भौतिक योजना मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "खानेपानी मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**१८. <u>नेपाल सन्धि ऐन, २०४७ मा संशोधन</u>** : नेपाल सन्धि ऐन, २०४७ को,-

(१) दफा ४ को ठाउँ ठाउँमा रहेका "व्यवस्थापिका-संसद्" भन्ने शब्दहरूको सट्टा "प्रतिनिधि सभा" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा ५ को ठाउँ ठाउँमा रहेका "व्यवस्थापिका-संसद्" भन्ने शब्दहरूको सट्टा "सङ्घीय संसद्" भन्ने शब्दहरू राखिएका छन्।

(३) दफा ७ मा रहेका "दफा ४ वा संविधानको धारा २७९ को उपधारा (२) मा उल्लेख भएको सन्धिसँग सम्बन्धित रहेछ भने सो सम्बन्धी जानकारी व्यवस्थापिका संसद्लाई" भन्ने शब्दहरूको सट्टा "संविधानको धारा २७९ को उपधारा (२) मा उल्लेख भएका विषयसँग सम्बन्धित भए सो सम्बन्धी जानकारी सङ्घीय संसद्लाई र दफा ४ बमोजिमको भए सो सम्बन्धी जानकारी प्रतिनिधि सभालाई" भन्ने शब्दहरू राखिएका छन्।

(४) दफा ९ र १२ को ठाउँ ठाउँमा रहेका "व्यवस्थापिका-संसद्" भन्ने शब्दहरूको सट्टा "प्रतिनिधि सभा वा सङ्घीय संसद्" भन्ने शब्दहरू राखिएका छन्।

(५) दफा १० को ठाउँ ठाउँमा रहेका "व्यवस्थापिका-संसद्" भन्ने शब्दहरूको सट्टा "प्रतिनिधि सभा" भन्ने शब्दहरू राखिएका छन्।

**१९. <u>काठमाडौं विश्वविद्यालय ऐन, २०४८ मा संशोधन</u>** : काठमाडौं विश्वविद्यालय ऐन, २०४८ को दफा २०क. को उपदफा (३)



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मा रहेका "उपदफा (२)" भन्ने शब्दहरूको सट्टा "उपदफा (१)" भन्ने शब्दहरू राखिएका छन्।

**२०. <u>छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन, २०४८ मा संशोधन</u> :** छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन, २०४८ को,-

(१) दफा २ को खण्ड (च) पछि देहायको खण्ड (च१) थपिएको छः-

"(च१) "अनलाइन सञ्चारमाध्यम" भन्नाले प्रचलित कानून बमोजिम स्थापना वा दर्ता भई इन्टरनेटको माध्यमबाट सङ्केत, चिन्ह, आवाज, ग्राफिक्स, भिडियो, एनिमेशन तथा मल्टिमिडियाको प्रयोगमार्फत सन्देशमूलक वा विषयगत विचार, सूचना तथा समाचार, तस्बिर, श्रव्य, श्रव्यदृश्यको रूपमा उत्पादन, प्रकाशन, प्रसारण वा वितरण गर्ने संस्था वा माध्यम सम्झनु पर्छ।"

(२) दफा ७क. पछि देहायको दफा ७ख. थपिएको छः-

"७ख. <u>अनलाइन सञ्चारमाध्यम दर्ता गर्नु पर्ने</u> : (१) अनलाइन सञ्चारमाध्यम सञ्चालन गर्न चाहने व्यक्तिले त्यस्तो सञ्चारमाध्यम दर्ता गर्नको लागि तोकिएको दस्तुर सहित तोकिएको ढाँचामा स्थानीय अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर स्थानीय अधिकारीले आवश्यक जाँचबुझ गरी दर्ता गर्न उपयुक्त देखिएको अनलाइन सञ्चारमाध्यम दर्ता गर्न सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) अनलाइन सञ्चारमाध्यम दर्ता, सञ्चालन, नवीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

२१. **ट्रेड युनियन ऐन, २०४९ मा संशोधन** : ट्रेड युनियन ऐन, २०४९ को,-

(१) दफा २ को,-

(क) खण्ड (क) मा रहेका "श्रम ऐन, २०४८ को दफा २ को खण्ड (ख)" भन्ने शब्दहरूको सट्टा "श्रम ऐन, २०७४ को दफा २ को खण्ड (ञ)" भन्ने शब्दहरू राखिएका छन्।

(ख) खण्ड (ग) मा रहेका "श्रम ऐन, २०४८ को दफा २ को खण्ड (च)" भन्ने शब्दहरूको सट्टा "श्रम ऐन, २०७४ को दफा २ को खण्ड (द)" भन्ने शब्दहरू राखिएका छन्।

(ग) खण्ड (ढ) मा रहेका "श्रम ऐन, २०४८" भन्ने शब्दहरूको सट्टा "श्रम ऐन, २०७४" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा ११ को उपदफा (२) मा रहेका "उपदफा (१)" भन्ने शब्दहरूको सट्टा "उपदफा (१) वा (१क)" भन्ने शब्दहरू राखिएका छन्।

(३) दफा २३ मा रहेका "श्रम ऐन, २०४८" भन्ने शब्दहरूको सट्टा "श्रम ऐन, २०७४" भन्ने शब्दहरू राखिएका छन्।

२२. **स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान ऐन, २०४९ मा संशोधन** : स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान ऐन, २०४९ को,-

(१) दफा ७ को उपदफा (१) को,-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) खण्ड (क) र (ख) मा रहेका "स्थानीय विकास" भन्ने शब्दहरूको सट्टा "सङ्घीय मामिला तथा सामान्य प्रशासन" भन्ने शब्दहरू राखिएका छन्।

(ख) खण्ड (च) झिकिएको छ।

(ग) खण्ड (छ) मा रहेका "शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

(घ) खण्ड (ज) मा रहेका "आवास तथा भौतिक योजना मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

(ङ) खण्ड (झ) मा रहेका "सामान्य प्रशासन मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

(च) खण्ड (ट) मा रहेका "पाँच विकास क्षेत्रबाट" भन्ने शब्दहरूको सट्टा "सात प्रदेशबाट" भन्ने शब्दहरू राखी सोही खण्डमा रहेका "पाँच जना" भन्ने शब्दहरूको सट्टा "सात जना" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा १९ मा रहेका "स्थानीय विकास मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**२३. <u>सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ मा संशोधन</u> :** सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को,-

(१) दफा ५४ को उपदफा (३) मा रहेका "पाँच वर्षसम्म" भन्ने शब्दहरूको सट्टा "दश वर्षसम्म" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा ५६ को उपदफा (३) मा रहेका "पाँच वर्षसम्मको" भन्ने शब्दहरूको सट्टा "दश वर्षसम्मको" भन्ने शब्दहरू राखिएका छन्।

(३) दफा ९१ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) बमोजिम दिइने जाँचपासको प्रमाणपत्रको मान्य अवधि देहाय बमोजिम हुनेछः-

(क) नयाँ सवारी दर्ता भएको मितिले पाँच वर्षसम्मको लागि एक वर्षसम्म, र

(ख) खण्ड (क) बाहेकका सवारीको हकमा छ महिनासम्म।"

(४) दफा १६८ पछि देहायका दफा १६८क. र १६८ख. थपिएका छन्:-

"१६८क. <u>सवारी जाँचपास तथा प्रदूषण सम्बन्धी विशेष व्यवस्था</u> : विभागले प्रचलित कानून बमोजिम स्थापना भई तोकिएको मापदण्ड पूरा गरेको निजी क्षेत्रको सवारी जाँचपास तथा प्रदूषण परीक्षण केन्द्रलाई सवारी जाँचपास तथा प्रदूषणको परीक्षण गरी प्रमाणपत्र जारी गर्न अनुमति दिन सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६८ख. <u>विद्युतीय अभिलेख प्रणालीमा प्रविष्टि गर्नु पर्ने</u> : (१) यस ऐन र प्रदेश कानून बमोजिम दर्ता हुने सवारीको विवरण, चालक अनुमतिपत्रको विवरण, सवारी चालक अनुमतिपत्र सम्बन्धित राजस्व कार्यालयमा भएका विवरण लगायतका अन्य वैयक्तिक तथा जैविक (बायोमेट्रिक्स) सहितको एकीकृत विवरण प्राप्त हुने गरी विभागले सूचना प्रविधिमा आधारित यातायात सेवाको विद्युतीय अभिलेख प्रणाली निर्माण गर्नेछ।

(२) उपदफा (१) बमोजिमको विद्युतीय अभिलेख प्रणालीमा विभागले तोकेको ढाँचामा त्यस्तो निकायले विवरण प्रविष्टि गर्नु पर्नेछ।”

२४. **<u>त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ मा संशोधन</u>** : त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ को दफा २७क. को उपदफा (३) मा रहेका "उपदफा (२)" भन्ने शब्दहरूको सट्टा "उपदफा (१)" भन्ने शब्दहरू राखिएका छन्।

२५. **<u>वी.पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०४९ मा संशोधन</u>** : वी.पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०४९ को दफा ७ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) उपदफा (१) को खण्ड (प) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपकुलपतिलाई कारबाही गर्नु पर्ने विषयमा छलफल गर्न बस्ने परिषद्को बैठकमा सोही उपदफाको खण्ड (थ) बमोजिमको सदस्यले तथा उपकुलपति र रजिष्ट्रारलाई एकै पटक कारबाही गर्नु पर्ने विषयमा छलफल गर्न बस्ने परिषद्को



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बैठकमा सोही उपदफाको खण्ड (ज) बमोजिमको सदस्यले सदस्य-सचिवको रूपमा काम गर्नेछ।"

२६. **<u>मन्त्रीहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०४९ मा संशोधन</u>** : मन्त्रीहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०४९ को,-

(१) दफा ३ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको पारिश्रमिक मन्त्रीहरूलाई दिनेछ।"

(२) दफा ७ को सट्टा देहायको दफा ७ राखिएको छः-

"७. <u>दैनिक तथा भ्रमण भत्ता</u> : मन्त्रीहरूलाई सरकारी कामको सिलसिलामा नेपालभित्र वा नेपाल बाहिर भ्रमण गर्दा भ्रमण भत्ता सम्बन्धी प्रचलित कानूनमा निर्धारण भए बमोजिमको दैनिक तथा भ्रमण भत्ता दिइनेछ।"

२७. **<u>विद्युत ऐन, २०४९ मा संशोधन</u>** : विद्युत ऐन, २०४९ को दफा ५ को उपदफा (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर विपद्, आमहड्ताल वा कर्फ्यूजस्ता काबु बाहिरका परिस्थिति उत्पन्न भई सो अवधिभित्र सर्वेक्षण कार्य सम्पन्न हुन नसकेमा त्यस्तो परिस्थितिबाट कार्य गर्न नसकिएको अवधि समेतलाई विचार गरी आवश्यकता र औचित्यको आधारमा अनुमतिपत्रको अवधि बढीमा दुई वर्ष थप गर्न सकिनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८. **विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० मा संशोधन** :
विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० को दफा ६ को,-

(१) उपदफा (१) को खण्ड (छ) पछि देहायका खण्ड (छ१), (छ२) र (छ३) थपिएका छन्:-

"(छ१) विश्वविद्यालयबीच क्रेडिट ट्रान्सफरको सम्बन्धमा निर्देशिका बनाई आवश्यक व्यवस्था गर्ने।

(छ२) विश्वविद्यालयको गुणस्तर सुनिश्चितता तथा प्रत्यायन सम्बन्धी कार्य गर्ने।

(छ३) विदेशी विश्वविद्यालय वा सो सरहको शैक्षिक संस्थाबाट प्रदान हुने शैक्षिक उपाधिको समकक्षता निर्धारण गर्ने।"

(२) उपदफा (१) पछि देहायका उपदफा (१क), (१ख), (१ग) र (१घ) थपिएका छन्:-

"(१क) उपदफा (१) को खण्ड (छ३) को व्यवस्था संवत् २०८३ साल श्रावण १ गते देखि लागू हुनेछ र सो अवधिअघि कुनै विदेशी विश्वविद्यालय वा सो सरहका शैक्षिक संस्थाले प्रदान गरेको कुनै शैक्षिक उपाधिको प्रचलित कानून बमोजिम समकक्षता निर्धारण भएकोमा त्यस्तो विश्वविद्यालय वा शैक्षिक संस्थाको त्यस्तो शैक्षिक उपाधिको हकमा पुनः समकक्षता निर्धारण गर्नु पर्ने छैन।

(१ख) उपदफा (१क) बमोजिम समकक्षता निर्धारण गरेको शैक्षिक उपाधि र त्यस्तो उपाधि प्रदान गर्ने विश्वविद्यालय वा शैक्षिक संस्थाको विवरण सहितको अभिलेख त्यसरी समकक्षता निर्धारण गर्ने विश्वविद्यालयले यो उपदफा प्रारम्भ भएको मितिले तीन महिनाभित्र आयोगमा पठाउनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१ग) यस ऐन बमोजिम आयोगबाट एक पटक समकक्षता निर्धारण गरिसकेको कुनै विदेशी विश्वविद्यालय वा सो सरहको शैक्षिक संस्थाको शैक्षिक उपाधिलाई आयोगबाट पुनः समकक्षता निर्धारण गराई रहनु पर्ने छैन।

(१घ) उपदफा (१क) तथा (१ग) बमोजिम समकक्षता निर्धारण भएको शैक्षिक उपाधि र विश्वविद्यालय वा शैक्षिक संस्थाको विवरण आयोगले प्रत्येक छ महिनामा अद्यावधिक गरी आफ्नो वेबसाइटमा समेत प्रकाशन गर्नु पर्नेछ।"

२९. **<u>पूर्वाञ्चल विश्वविद्यालय ऐन, २०५० मा संशोधन</u>** : पूर्वाञ्चल विश्वविद्यालय ऐन, २०५० को,-

(१) दफा ३३ को,-

(क) दफा शीर्षकमा रहेका "दिने तथा समकक्षता एवं स्तर निर्धारण गर्ने" भन्ने शब्दहरूको सट्टा "तथा मान्यता दिने" भन्ने शब्दहरू राखिएका छन्।

(ख) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) विश्वविद्यालयले अन्य विश्वविद्यालय वा शैक्षिक संस्थाको शैक्षिक उपाधिलाई मान्यता दिन सक्नेछ।"

(२) दफा ३४क. को उपदफा (३) मा रहेका "उपदफा (२)" भन्ने शब्दहरूको सट्टा "उपदफा (१)" भन्ने शब्दहरू राखिएका छन्।

३०. **<u>राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ मा संशोधन</u>** : राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को,-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) दफा १८ को,-

(क) उपदफा (१) मा रहेका "सम्बन्धित उच्च अदालतबाट" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित मुद्दाको अनुसन्धान गर्ने निकाय रहेको जिल्लाको जिल्ला अदालतबाट" भन्ने शब्दहरू राखिएका छन्।

(ख) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) यो उपदफा प्रारम्भ हुँदाका बखत सम्बन्धित उच्च अदालतमा विचाराधीन मुद्दा, प्रतिवेदन, निवेदन र सोसँग सम्बन्धित मिसिलहरू उपदफा (१) बमोजिमको सम्बन्धित जिल्ला अदालतमा सर्नेछन्।"

(२) दफा ३७क. पछि देहायको दफा ३७ख. थप गरिएको छः-

"३७ख. <u>राजस्व चुहावट नियन्त्रण समन्वय समिति</u> : (१) राजस्व चुहावट नियन्त्रण तथा रोकथाम गर्ने कार्यलाई प्रभावकारी बनाउन राष्ट्रियस्तरमा देहाय बमोजिमको एक राजस्व चुहावट नियन्त्रण समन्वय समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | अर्थ मन्त्री | - संयोजक |
| (ख) | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - सदस्य |
| (ग) | सचिव, अर्थ मन्त्रालय | - सदस्य |
| (घ) | सचिव, गृह मन्त्रालय | - सदस्य |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) महानिर्देशक, राजस्व अनुसन्धान विभाग - सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कर तथा गैर कर राजस्व चुहावटका प्रमुख क्षेत्रहरू पहिचान गर्ने,

(ख) राजस्व अनुसन्धान विभागको क्षमता विकास रणनीति तयार गर्ने,

(ग) राजस्व प्रशासनको सुधार तथा प्रभावकारिताका लागि नीतिगत पृष्ठपोषण दिने,

(घ) राजस्व चुहावट अनुसन्धान तथा नियन्त्रणलाई प्रभावकारी बनाउन विभागलाई आवश्यक निर्देशन दिने।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक हरेक दुई महिनामा कम्तीमा एक पटक सो समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिको बैठकको कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) राजस्व चुहावट नियन्त्रण तथा रोकथाम सम्बन्धी कार्य गर्नका लागि प्रत्येक जिल्लामा देहाय बमोजिमको जिल्ला राजस्व चुहावट नियन्त्रण समन्वय समिति रहनेछः-

(क) प्रमुख जिल्ला अधिकारी - संयोजक

(ख) सम्बन्धित आन्तरिक राजस्व कार्यालयको प्रमुख -सदस्य

(ग) नेपाल प्रहरीको जिल्लास्थित कार्यालयको प्रमुख -सदस्य

(घ) सशस्त्र प्रहरी बल, नेपालको जिल्लास्थित कार्यालयको प्रमुख -सदस्य

(ङ) सम्बन्धित राजस्व अनुसन्धान कार्यालयको प्रमुख -सदस्य-सचिव

(६) भन्सार कार्यालय रहेको जिल्लाको हकमा भन्सार कार्यालयको प्रमुख समेत उपदफा (५) बमोजिमको समितिको सदस्य हुनेछ।"

३१. **<u>पोखरा विश्वविद्यालय ऐन, २०५३ मा संशोधन</u>** : पोखरा विश्वविद्यालय ऐन, २०५३ को,-

(१) दफा ३१ को,-

(क) दफा शीर्षकमा रहेका "दिने तथा समकक्षता एवं स्तर निर्धारण गर्ने" भन्ने शब्दहरूको सट्टा "तथा मान्यता दिने" भन्ने शब्दहरू राखिएका छन्।

(ख) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(४) विश्वविद्यालयले अन्य विश्वविद्यालय वा शैक्षिक संस्थाको शैक्षिक उपाधिलाई मान्यता दिन सक्नेछ।"

(२) दफा ३२क. को उपदफा (३) मा रहेका "उपदफा (२)" भन्ने शब्दहरूको सट्टा "उपदफा (१)" भन्ने शब्दहरू राखिएका छन्।

**३२. __नगर विकास कोष ऐन, २०५३ मा संशोधन__ :** नगर विकास कोष ऐन, २०५३ को दफा १४ को उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः-

"(२क) कार्यकारी निर्देशकलाई कारबाही गर्ने सम्बन्धी विषयमा छलफल गर्नु पर्ने भएमा समितिको बैठकमा कोषको वरिष्ठतम् अधिकृतले सदस्य-सचिवको रूपमा काम गर्नेछ।"

**३३. __पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ मा संशोधन__ :** पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा २८ को सट्टा देहायको दफा २८ राखिएको छः–

"२८. __सङ्क्रामक रोगको निगरानी, जाँचबुझ र नियन्त्रण__ : (१) कार्यालय प्रमुखले सङ्क्रामक रोग लाग्न नदिन वा कुनै स्थानमा देखिएको सङ्क्रामक रोग अन्यत्र फैलन नदिनको लागि पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीको विभागले निर्धारण गरे बमोजिम नियमित रूपमा वा आवश्यकता अनुसार जुनसुकै बखत जुनसुकै स्थानमा निगरानी, जाँच परीक्षण तथा अनुगमन गर्नु, गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निगरानी, जाँच परीक्षण तथा अनुगमनको क्रममा कार्यालय प्रमुख वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कार्यालयबाट खटिएको कर्मचारीले सङ्क्रामक रोग लागेको वा रोगको जोखिम रहेको क्षेत्रको पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री रहेको स्थानमा प्रवेश गर्न, नमूना सङ्कलन गर्न तथा सङ्कलित नमूनाको प्रयोगशाला परीक्षण गर्न वा गराउन सक्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम निगरानी, जाँच परीक्षण वा अनुगमन गर्दा सङ्क्रामक रोग लागेको शङ्का भएमा त्यसको प्रयोगशाला परीक्षण प्रतिवेदन प्राप्त नभएसम्मको लागि सङ्क्रामक रोग महामारीको रूपमा फैलन सक्ने अवस्थालाई समेत विचार गरी कार्यालय प्रमुखले त्यस्तो शङ्का लागेको क्षेत्रबाट वा त्यस्तो क्षेत्र भएर कुनै पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री वा सोसँग सम्बन्धित अन्य कुराको उपभोग, बिक्री वितरण, प्रयोग वा ओसारपसारमा रोक लगाउन सक्नेछ।

(४) उपदफा (२) बमोजिम परीक्षण गर्दा सङ्क्रामक रोग लागेको पुष्टि भएमा कार्यालय प्रमुखले नमूना सङ्कलन गरिएको स्थानलाई केन्द्रबिन्दु मानी तोकिए बमोजिमको क्षेत्रलाई तोकिए बमोजिम सङ्क्रामक रोग प्रभावित क्षेत्र घोषणा गर्न, त्यस्तो क्षेत्रभन्दा बाहिरको तोकिए बमोजिमको क्षेत्रलाई सघन निगरानी क्षेत्रको रूपमा घोषणा गरी सङ्क्रामक रोग नियन्त्रण सम्बन्धी कार्य गर्नु पर्नेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि सङ्क्रामक रोग एकभन्दा बढी प्रदेशमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

फैलिई काबु बाहिरको परिस्थिति सिर्जना भएको भनी प्राविधिक प्रतिवेदन प्राप्त भएमा नेपाल सरकारको पशुपन्छी विकास हेर्ने मन्त्रालयले सङ्क्रामक रोग प्रभावित क्षेत्र घोषणा गरी सम्बन्धित प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा रोग नियन्त्रण सम्बन्धी कार्य गर्नेछ।

(६) उपदफा (३), (४) वा (५) बमोजिम सङ्क्रामक रोग प्रभावित क्षेत्र घोषणा गरिएकोमा त्यस्तो घोषणा कायम रहेसम्म सङ्क्रामक रोग लाग्ने वा फैलाउने गरी पशुपालन गर्न, पशुजन्य पदार्थ, पशु उत्पादन सामग्री तथा सङ्क्रामक रोग सार्न सक्ने अन्य वस्तुको उत्पादन, प्रशोधन, उपभोग, बिक्री वितरण, प्रयोग तथा ओसारपसारमा प्रतिबन्ध लगाउन, नियन्त्रण गर्न वा निःसङ्क्रमण गरेर मात्र कारोबार वा ओसारपसार गर्न दिने गरी प्रतिबन्ध लगाउने निकायले आदेश जारी गर्न सक्नेछ।

(७) उपदफा (१) र (२) बमोजिम पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीको जाँचबुझ वा प्रयोगशाला परीक्षण गर्दा सङ्क्रामक रोग लागेको पाइएमा कार्यालय प्रमुख वा तोकिएको अधिकारीले त्यस्तो पशु, पशुजन्य पदार्थ, पशु उत्पादन सामग्री वा सङ्क्रामक रोग सार्न सक्ने अन्य वस्तु निःसङ्क्रमण गर्न र निःसङ्क्रमण पश्चात पुनः प्रयोग गर्न नसकिने अवस्था भएमा सम्बन्धित पशुधनीलाई सो कुराको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जानकारी गराई तोकिए बमोजिम नष्ट गर्न वा आवश्यक व्यवस्थापन गर्न, गराउन सक्नेछ।

(८) उपदफा (७) बमोजिम पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री नष्ट गर्दा वा व्यवस्थापन गर्दा क्षति भएकोमा त्यस्तो क्षतिको सम्बन्धित धनीलाई नेपाल सरकार वा प्रदेश सरकारले मापदण्ड निर्धारण गरी राहत दिन सक्नेछ।

तर उपदफा (४) वा (५) बमोजिम लगाइएको रोक वा प्रतिबन्ध उल्लङ्घन गरी उत्पादन, प्रशोधन, बिक्री वितरण वा ओसारपसार गरिएका पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री वा सोसँग सम्बन्धित अन्य कुरा उपदफा (७) बमोजिम नष्ट गर्दा, तह लगाउँदा वा व्यवस्थापन गर्दा भएको क्षतिको राहत दिइने छैन।

(९) उपदफा (१) बमोजिम पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीको जाँचबुझ गर्दा दफा १० बमोजिम नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका रोगहरू लागेको पाइएमा कार्यालय प्रमुखले त्यस्तो पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीलाई हटाउन वा नष्ट गर्न आदेश दिनेछ।

(१०) उपदफा (९) बमोजिम सम्बन्धित धनीले पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री नहटाएमा वा नष्ट नगरेमा कार्यालय प्रमुख आफैंले त्यस्तो पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री हटाउन वा नष्ट गर्न सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(११) उपदफा (१०) बमोजिम पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री हटाउँदा वा नष्ट गर्दा लाग्ने सम्पूर्ण खर्च सम्बन्धित धनीबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(१२) सङ्क्रामक रोग नियन्त्रण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

३४. **आयोडिनयुक्त नून (उत्पादन तथा बिक्री वितरण) ऐन, २०५५ मा संशोधन** : आयोडिनयुक्त नून (उत्पादन तथा बिक्री वितरण) ऐन, २०५५ को दफा १२ को उपदफा (१) को,-

(१) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) प्रतिनिधि (रा.प. प्रथम श्रेणी), उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय -सदस्य"

(२) खण्ड (ग) र (घ) झिकिएका छन्।

३५. **मध्यस्थता ऐन, २०५५ मा संशोधन** : मध्यस्थता ऐन, २०५५ को,-

(१) दफा १४ को उपदफा (६) पछि देहायको उपदफा (७) थपिएको छः-

"(७) उपदफा (१), (२) वा (३) बमोजिम तोकिएको म्यादभित्र सरकारी कार्यालयको तर्फबाट मध्यस्थकर्ता समक्ष दाबी, प्रतिदाबी, दाबी उपरको प्रतिवाद वा प्रत्युक्ति पेस नगरेमा वा ढिला गरी पेस गरेमा वा लापरबाही साथ कार्य गरेमा त्यस्तो कार्य गर्ने कर्मचारीलाई निजको सेवा शर्तसँग सम्बन्धित प्रचलित कानून बमोजिम विभागीय कारबाही हुनेछ। त्यस्तो कार्य प्रचलित कानून



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बमोजिम कसूर मानिने रहेछ भने सो कसूरमा समेत कारबाही हुनेछ।"

(२) दफा २७ को खण्ड (ङ) मा रहेका "भरिभराउ गर्नु पर्ने रकममा" भन्ने शब्दहरूपछि "मध्यस्थ नियुक्ति प्रक्रिया शुरु गरेको दिनभन्दा अघिल्लो दिनसम्ममा" भन्ने शब्दहरू थपिएका छन्।

(३) दफा ३३ को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "मध्यस्थको निर्णय भएको मितिदेखि" भन्ने शब्दहरूको सट्टा "मध्यस्थ नियुक्ति प्रक्रिया सुरु गरेको दिनदेखि" भन्ने शब्दहरू राखिएका छन्।

**३६. <u>सडक बोर्ड ऐन, २०५८ मा संशोधन</u> :** सडक बोर्ड ऐन, २०५८ को,-

(१) दफा ८ को उपदफा (२) को खण्ड (ग) मा रहेका "स्थानीय विकास मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा २१ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) बोर्डको प्रशासकीय प्रमुखको रूपमा दैनिक कार्य गर्नको लागि सिभिल इन्जिनियरिङ वा व्यवस्थापन विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरी इन्जिनियरिङ वा सडक व्यवस्थापनसँग सम्बन्धित क्षेत्रमा कम्तीमा पाँच वर्षको अनुभव हासिल गरेको व्यक्तिलाई समितिले खुल्ला प्रतिस्पर्धाद्वारा कार्यकारी निर्देशकको पदमा नियुक्ति गर्नेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**३७.** **<u>विशेष अदालत ऐन, २०५९ मा संशोधन</u> :** विशेष अदालत ऐन, २०५९ को दफा १९ मा रहेका "व्यवस्थापिका संसद्" भन्ने शब्दहरूको सट्टा "सङ्घीय संसद्" भन्ने शब्दहरू राखिएका छन्।

**३८.** **<u>लुम्बिनी बौद्ध विश्वविद्यालय ऐन, २०६३ मा संशोधन</u> :** लुम्बिनी बौद्ध विश्वविद्यालय ऐन, २०६३ को,-

(१) दफा ३१ को,-

(क) दफा शीर्षकमा रहेका "दिने तथा समकक्षता र स्तर निर्धारण गर्ने" भन्ने शब्दहरूको सट्टा "तथा मान्यता दिने" भन्ने शब्दहरू राखिएका छन्।

(ख) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) विश्वविद्यालयले अन्य विश्वविद्यालय वा शैक्षिक संस्थाको शैक्षिक उपाधिलाई मान्यता दिन सक्नेछ।"

(२) दफा ३२क. को उपदफा (३) मा रहेका "उपदफा (२)" भन्ने शब्दहरूको सट्टा "उपदफा (१)" भन्ने शब्दहरू राखिएका छन्।

**३९.** **<u>सार्वजनिक खरिद ऐन, २०६३ मा संशोधन</u> :** सार्वजनिक खरिद ऐन, २०६३ को,-

(१) दफा २ को खण्ड (प) पछि देहायको खण्ड (फ) थपिएको छः-

"(फ) "पूर्वाधार कम्पनी" भन्नाले प्रचलित नेपाल कानून बमोजिम नेपाल सरकारको पूर्ण स्वामित्वमा स्थापना



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भएको नेपाल पूर्वाधार निर्माण कम्पनी लिमिटेड सम्झनु पर्छ।"

(२) दफा ७ को उपदफा (३) को खण्ड (ख) र (ग) मा रहेको "सामान्यतया" भन्ने शब्द झिकिएको छ।

(३) दफा २६ को,-

(क) उपदफा (१) पछि देहायका उपदफा (१क) र (१ख) थपिएका छन्:-

"(१क) उपदफा (१) को खण्ड (ख) बमोजिम न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही बोलपत्रको बोल अङ्क लागत अनुमानभन्दा सारभूत रूपमा बढी हो वा होइन भन्ने कुराको निर्णय गर्दा सार्वजनिक निकायले सो समयको स्थानीय बजार मूल्य, अन्तर्राष्ट्रिय बजारमा सम्बन्धित मालसामान तथा निर्माण सामग्रीको मूल्य घटबढको अवस्था, लागत अनुमान तथा समयमै खरिद नगर्दा सार्वजनिक निकायलाई हुन सक्ने नोक्सानी समेतको विश्लेषण गर्नु पर्नेछ।

(१ख) उपदफा (१क) बमोजिम विश्लेषण गर्दा पुनः खरिद कारबाही अगाडि बढाउनुपर्ने देखिएमा न्यूनतम मूल्याङ्कित त्यस्तो बोलपत्रको बोल अङ्कभन्दा बढी नहुने सुनिश्चितता गर्नु पर्नेछ।"

(ख) उपदफा (६) पछि देहायको उपदफा (७) थपिएको छः-

"(७) यस दफामा उल्लेख भएको अवस्थामा बाहेक अन्य कारण जनाई खरिद कारबाही रद्द



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरेमा सम्बन्धित पदाधिकारीलाई प्रचलित कानून बमोजिम विभागीय कारबाही हुनेछ।"

(४) दफा ४७ को उपदफा (६) पछि देहायको उपदफा (६क) थपिएको छः-

"(६क) उपदफा (१) बमोजिम परेको निवेदनको सम्बन्धमा उपदफा (६) बमोजिम सार्वजनिक निकायको प्रमुखले निर्णय गरेपछि सो उपर पुनरावलोकन समितिमा निवेदन परेकोमा दफा ५० को उपदफा (१) र (२) बमोजिम सार्वजनिक निकायमा सूचना प्राप्त हुन सक्ने अवधिभर खरिद सम्झौता गर्न सकिने छैन।"

(५) दफा ५९ को उपदफा (९) पछि देहायका उपदफा (९क), (९ख) र (९ग) थपिएका छन्ः-

"(९क) उपदफा (९) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (७) बमोजिम सम्झौता अन्त्य भएकोमा त्यस्तो सम्झौता बमोजिमको बाँकी रहेको काममध्ये तोकिएको रकमसम्मको काम सम्बन्धित सार्वजनिक निकायको प्रमुखले कार्यान्वयन गर्ने सुनिश्चितता गरी पूर्वाधार कम्पनी मार्फत गराउन सक्नेछ।

(९ख) उपदफा (९क) बमोजिम पूर्वाधार कम्पनी मार्फत काम गराउनको लागि त्यस्तो काम सम्पन्न गर्नु पर्ने अवधि तोकी पूर्वाधार कम्पनीसँग सम्झौता गर्नु पर्नेछ।

(९ग) उपदफा (९ख) बमोजिम भएको सम्झौता अनुसारको काम पूर्वाधार कम्पनीले सम्पन्न गर्नु पर्नेछ र त्यस्तो काम अन्य आपूर्तिकर्ता, परामर्शदाता, सेवा प्रदायक वा निर्माण व्यवसायीलाई हस्तान्तरण गर्न पाइने छैन।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) दफा ६७ को उपदफा (१) को खण्ड (च) पछि देहायको खण्ड (छ) थपिएको छः-

"(छ) दफा ६६ बमोजिम विशेष परिस्थितिमा खरिद गर्न वा नेपाल सरकारलाई कुनै निर्माण कार्य तत्काल गर्नु पर्ने भएको र यस ऐन बमोजिमको प्रक्रिया पूरा गरी खरिद गर्न नसकिने अवस्था भएमा त्यसरी खरिद गर्न नसक्नुका कारण समेत खुलाई पूर्वाधार कम्पनी मार्फत खरिद गर्ने गरी नेपाल सरकारले निर्णय गरेमा।"

**४०. <u>खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३ मा संशोधन</u> :** खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३ को,-

(१) दफा २ को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छ :-

"(ङ) "नगरपालिका" भन्नाले नेपालको संविधान बमोजिम स्थापना भएको नगरपालिका सम्झनु पर्छ र सो शब्दले महानगरपालिका तथा उपमहानगरपालिकालाई समेत जनाउँछ।"

(२) दफा ७ को उपदफा (८) को खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएको छः-

"(घ) खण्ड (ग) बमोजिम अनुमतिपत्र लिई व्यावसायिक तथा औद्योगिक प्रयोजनको लागि भूमिगत स्रोतको पानी उपयोग गर्ने प्रयोगकर्ताबाट परिमाणको अनुपातमा तोकिए बमोजिम महसुल लिने।

<u>स्पष्टीकरण</u>: यस खण्डको प्रयोजनको लागि "व्यावसायिक तथा औद्योगिक प्रयोजन" भन्नाले



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पानीजन्य उद्योगबाट उत्पादित पानी, त्यस्तो पानी उत्पादित क्षेत्रभन्दा बाहिर प्रयोग हुने र बेचबिखन गर्न सकिने प्रयोजन तथा उद्योग धन्दामा प्रयोग हुने, औद्योगिक परिसरमा मात्र उपभोग गरी उत्पादित क्षेत्रभन्दा बाहिरका क्षेत्रमा प्रयोग गर्न र बेचबिखन गर्न नमिल्ने प्रयोजन सम्झनु पर्छ।"

(३) ठाउँ ठाउँमा रहेका "भौतिक योजना तथा निर्माण मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "खानेपानी मन्त्रालय" भन्ने शब्दहरू राखी रुपान्तर गरिएको छ।

**४१. <u>विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ मा संशोधन</u> :** विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को,-

(१) दफा ६० को उपदफा (५) मा रहेका "नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित" भन्ने शब्द राखिएको छ।

(२) दफा ७४ मा रहेका "पैंतीस दिनभित्र" भन्ने शब्दहरूको सट्टा "नब्बे दिनभित्र" भन्ने शब्दहरू राखिएका छन्।

**४२. <u>प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ मा संशोधन</u> :** प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ को दफा ११ को खण्ड (क) मा रहेका "औद्योगिक व्यवसाय ऐन, २०४९" भन्ने शब्दहरूको सट्टा "औद्योगिक व्यवसाय ऐन, २०७६" भन्ने शब्दहरू राखिएका छन्।

**४३. <u>चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३ मा संशोधन</u> :** चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३ को दफा १४ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(१) प्रतिष्ठानले स्वास्थ्य सेवामा उच्चस्तरीय अध्ययन तथा अनुसन्धानका लागि आफ्नो छुट्टै अस्पताल स्थापना गरी सञ्चालन गर्न वा नेपाल सरकारको केन्द्रीय अस्पतालसँग द्विपक्षीय सम्झौता गरी त्यस्तो अस्पताललाई शिक्षण अस्पतालको रूपमा प्रयोग गर्न सक्नेछ।"

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रतिष्ठानले यो उपदफा प्रारम्भ भएको मितिले सात वर्षसम्म प्रचलित कानून बमोजिम स्थापना भई सञ्चालन भइरहेको वीर अस्पताललाई शिक्षण अस्पतालको रूपमा प्रयोग गर्न सक्नेछ।"

**४४. <u>नेपाल कानून आयोग ऐन, २०६३ मा संशोधन</u>** : नेपाल कानून आयोग ऐन, २०६३ को दफा ८ को खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छः-

"(ख१) निजको उमेर सत्तरी वर्ष पूरा भएमा,"

**४५. <u>संघीय संसद् सचिवालय सम्बन्धी ऐन, २०६४ मा संशोधन</u>** : संघीय संसद् सचिवालय सम्बन्धी ऐन, २०६४ को,-

(१) दफा ५२ को उपदफा (१) मा रहेका "यो ऐन प्रारम्भ भएपछि" भन्ने शब्दहरूको सट्टा "यो दफा प्रारम्भ भएपछि" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा १०१ को उपदफा (१) मा रहेका "स्थानीय निकाय" भन्ने शब्दहरूको सट्टा "स्थानीय तह" भन्ने शब्दहरू राखिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६. **<u>वैदेशिक रोजगार ऐन, २०६४ मा संशोधन</u>** : वैदेशिक रोजगार ऐन, २०६४ को,-

(१) दफा १३ को उपदफा (२) को खण्ड (घ२) झिकिएको छ।

(२) दफा १६ को सट्टा देहायको दफा १६ राखिएको छः-

"१६. <u>विज्ञापन प्रकाशन गर्नु पर्ने</u> : (१) दफा १५ बमोजिम पूर्व स्वीकृति प्राप्त भएपछि इजाजतपत्रवालाले कामदार छनौटको लागि कम्तीमा सात दिनको अवधि दिई नेपाली भाषाको कुनै राष्ट्रियस्तरको दैनिक पत्रिका र आफ्नो वेबसाइटमा विज्ञापन प्रकाशन गर्नु पर्नेछ।

(२) इजाजतपत्रवालाले उपदफा (१) बमोजिम विज्ञापन प्रकाशनको लागि पठाएको सूचनाको एकप्रति विभागको वेबसाइटमा प्रकाशन गर्ने प्रयोजनको लागि सोही दिन विभागलाई उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको विज्ञापन प्रकाशन र कामदारको छनौट सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।"

(३) दफा ३० पछि देहायको दफा ३०क. थपिएको छः-

"३०क. <u>सीप परीक्षण सम्बन्धी व्यवस्था</u> : (१) वैदेशिक रोजगारमा जान दिइने सीपमूलक तालिम छ महिनासम्मको भएमा त्यस्तो तालिमको सीप परीक्षण राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानले गर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिमको सीप परीक्षण सम्बन्धी विधि र प्रक्रिया राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानले निर्धारण गरे बमोजिम हुनेछ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार अन्तर्गतका वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व रहेका निकाय वा संस्था आफैंले प्रदान गर्ने तालिम वा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले सीप परीक्षण गरेको तालिमको हकमा यस दफा बमोजिम सीप परीक्षण गर्नु पर्ने छैन।"

(४) दफा ३८ को उपदफा (१) को,-

(क) खण्ड (ख) मा रहेका "श्रम तथा यातायात व्यवस्था राज्यमन्त्री/सहायक मन्त्री" भन्ने शब्दहरूको सट्टा "श्रम, रोजगार तथा सामाजिक सुरक्षा राज्यमन्त्री वा सहायक मन्त्री" भन्ने शब्दहरू राखिएका छन्।

(ख) खण्ड (झ) मा रहेका "महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

(५) दफा ४१ को उपदफा (२) मा रहेका "बढीमा तीन महिनाको निमित्त" भन्ने शब्दहरू झिकिएका छन्।

(६) दफा ५३ मा रहेका "त्यस्तो इजाजतपत्रवालालाई त्यसरी वैदेशिक रोजगारमा पठाएको पीडित कामदार सङ्ख्याको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आधारमा जनही पचास हजार रुपैयाँका दरले हुन आउने रकम जरिबाना" भन्ने शब्दहरू राखिएका छन्।

(७) दफा ७३ को उपदफा (१) मा रहेका "श्रम डेस्क राख्नेछ" भन्ने शब्दहरूको सट्टा "श्रम डेस्क राख्न सक्नेछ" भन्ने शब्दहरू राखिएका छन्।

(८) दफा ७६ को उपदफा (३) मा रहेका "उपदफा (३)" भन्ने शब्दहरूको सट्टा "उपदफा (२)" भन्ने शब्दहरू र "तीन वर्षसम्म विदेश" भन्ने शब्दहरूको सट्टा "एक वर्षसम्म सम्बन्धित देशमा" भन्ने शब्दहरू राखिएका छन्।"

(९) ठाउँ ठाउँमा रहेका देहायका शब्दहरूको सट्टा देहायका शब्दहरू राखी रुपान्तर गरिएको छः-

(क) "श्रम तथा यातायात व्यवस्था मन्त्री वा राज्यमन्त्री" र "श्रम तथा यातायात व्यवस्था मन्त्री/राज्यमन्त्री" भन्ने शब्दहरूको सट्टा "श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री वा राज्यमन्त्री",

(ख) "श्रम तथा यातायात व्यवस्था मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "मन्त्रालय",

(ग) "श्रम स्वीकृति" भन्ने शब्दहरूको सट्टा "वैदेशिक रोजगार अनुमति"।

४७. **<u>सुदूरपश्चिम विश्वविद्यालय ऐन, २०६७ मा संशोधन</u>** : सुदूरपश्चिम विश्वविद्यालय ऐन, २०६७ को,-

(१) दफा ३४ को,-

(क) दफा शीर्षकमा रहेका "दिने तथा समकक्षता र स्तर निर्धारण गर्ने" भन्ने शब्दहरूको सट्टा "तथा मान्यता दिने" भन्ने शब्दहरू राखिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) उपदफा (२) को सट्टा देहायको उपदफा राखिएको छः-

"(२) विश्वविद्यालयले अन्य विश्वविद्यालय वा शैक्षिक संस्थाको शैक्षिक उपाधिलाई मान्यता दिन सक्नेछ।"

(२) दफा ३५क. को उपदफा (३) मा रहेका "उपदफा (२)" भन्ने शब्दहरूको सट्टा "उपदफा (१)" भन्ने शब्दहरू राखिएका छन्।

**४८. <u>मध्यपश्चिम विश्वविद्यालय ऐन, २०६७ मा संशोधन</u> :** मध्यपश्चिम विश्वविद्यालय ऐन, २०६७ को,-

(१) दफा २३ को उपदफा (१) मा रहेका "मन्त्री वा" भन्ने शब्दहरूको सट्टा "मन्त्री वा राज्यमन्त्री" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा ३४ को,-

(क) दफा शीर्षकमा रहेका "दिने तथा समकक्षता र स्तर निर्धारण गर्ने" भन्ने शब्दहरूको सट्टा "तथा मान्यता दिने" भन्ने शब्दहरू राखिएका छन्।

(ख) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) विश्वविद्यालयले अन्य विश्वविद्यालय वा शैक्षिक संस्थाको शैक्षिक उपाधिलाई मान्यता दिन सक्नेछ।"

(३) दफा ३५क. को उपदफा (३) मा रहेका "उपदफा (२)" भन्ने शब्दहरूको सट्टा "उपदफा (१)" भन्ने शब्दहरू राखिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**४९. <u>कृषि तथा वन विज्ञान विश्वविद्यालय ऐन, २०६७ मा संशोधन</u> :** कृषि तथा वन विज्ञान विश्वविद्यालय ऐन, २०६७ को,-

(१) दफा २३ को उपदफा (१) मा रहेका "मन्त्री वा" भन्ने शब्दहरूको सट्टा "मन्त्री वा राज्यमन्त्री" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा ३४ को,-

(क) दफा शीर्षकमा रहेका "दिने तथा समकक्षता र स्तर निर्धारण गर्ने" भन्ने शब्दहरूको सट्टा "तथा मान्यता दिने" भन्ने शब्दहरू राखिएका छन्।

(ख) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) विश्वविद्यालयले अन्य विश्वविद्यालय वा शैक्षिक संस्थाको शैक्षिक उपाधिलाई मान्यता दिन सक्नेछ।"

(३) दफा ३५क. को उपदफा (३) मा रहेका "उपदफा (२)" भन्ने शब्दहरूको सट्टा "उपदफा (१)" भन्ने शब्दहरू राखिएका छन्।

**५०. <u>कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६८ मा संशोधन</u> :** कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६८ को दफा ३३ को दफा शीर्षक पछि रहेको "(१)" भन्ने अङ्क झिकिएको छ।

**५१. <u>राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ मा संशोधन</u> :** राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को,-

(१) दफा ४ को उपदफा (१) को खण्ड (ग) मा रहेका "नेपाल सरकार" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह" भन्ने शब्दहरू राखिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) दफा २६ को उपदफा (२) मा रहेका "क्षेत्रीय" भन्ने शब्दको सट्टा "प्रदेश" भन्ने शब्द र "उपक्षेत्रीय" भन्ने शब्दको सट्टा "प्रदेश शाखा" भन्ने शब्दहरू राखिएका छन्।

**५२. <u>कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० मा संशोधन</u>** : कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० को,-

(१) दफा १७ को,-

(क) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) अदालतबाट जरिबाना वा अन्य कुनै रकम अचल सम्पत्तिबाट असुल उपर गर्ने फैसला भएकोमा सम्बन्धित व्यक्तिले त्यस्तो फैसला बमोजिमको रकम नगद बुझाएमा त्यस्तो अचल सम्पत्ति लिलाम बिक्री गर्नु पर्ने छैन।"

(ख) उपदफा (३) पछि देहायका उपदफा (४) र (५) थपिएका छन्:-

"(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतको आदेश वा फैसला बमोजिम जफत हुने ठहरिएको सम्पत्ति वा साधन सार्वजनिक हित, महत्त्व, सुरक्षा वा अन्य कुनै कारणले लिलाम बिक्री गर्न उपयुक्त हुने नदेखिएमा वा त्यस्तो सम्पत्ति वा साधन सरकारी उपयोगको लागि उपयोगी हुने देखिएमा त्यस्तो सम्पत्ति वा साधन लिलाम बिक्री



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नगरी नेपाल सरकारको नाममा कायम गर्न विभागले सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम लेखी आएमा सम्बन्धित निकायले त्यस्तो साधन वा सम्पत्ति नेपाल सरकारको नाममा कायम गरी सोको जानकारी विभागलाई दिनु पर्नेछ।"

(२) दफा २० को,-

(क) उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "स्थानीय निकायको" भन्ने शब्दहरूको सट्टा "स्थानीय तहको" भन्ने शब्दहरू राखिएका छन्।

(ख) उपदफा (९) मा रहेको "विभागको" भन्ने शब्दको सट्टा "विभाग तथा जिल्ला प्रशासन कार्यालयको" भन्ने शब्दहरू राखिएका छन्।

(३) दफा २१ को,-

(क) उपदफा (१) र (२) मा रहेका "वा सडिगली" भन्ने शब्दहरू झिकी उपदफा (२) मा रहेका "लिलाम बिक्री गर्न" भन्ने शब्दहरूपछि "वा त्यस्तो सम्पत्ति वा साधन सरकारी कामको लागि उपयोगी हुने देखिएमा त्यस्तो सम्पत्ति वा साधनको यथोचित मर्मत सम्भार गरी उपयोग गर्न" भन्ने शब्दहरू थपिएका छन्।

(ख) उपदफा (२) पछि देहायका उपदफा (२क) र (२ख) थपिएका छन्:-

"(२क) कसूरको अनुसन्धान तथा तहकिकातको सिलसिलामा परिच्छेद-२ बमोजिम नियन्त्रणमा लिइएको वा कसूर सम्बन्धी मुद्दामा दशी प्रमाणको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रूपमा अदालत समक्ष पेस भएको कुनै सम्पत्ति सडीगली जाने देखिएमा सम्बन्धित अदालतको अनुमति लिई विभाग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयले त्यस्तो सम्पत्ति तत्काल प्रचलित बजार मूल्यमा बिक्री गरी सोको जानकारी सम्बन्धित सरकारी वकील वा अदालतमा दिनु पर्नेछ।

(२ख) उपदफा (२क) बमोजिम बिक्री हुन नसकेको र सम्बन्धित व्यक्तिले प्रचलित बजार मूल्य तिरी लिन चाहेमा त्यस्तो सडीगली जाने सम्पत्तिको प्रचलित बजार मूल्य कायम गरी सम्बन्धित व्यक्तिलाई खरिद गर्न दिई त्यसको जानकारी सम्बन्धित सरकारी वकील वा अदालतमा दिनु पर्नेछ।"

(ग) उपदफा (४) मा रहेका "लिलाम बिक्री" भन्ने शब्दहरूको सट्टा "लिलाम बिक्री वा प्रचलित बजार मूल्यमा बिक्री" भन्ने शब्दहरू राखी सोही उपदफामा रहेका "लिलाम सकार" भन्ने शब्दहरूको सट्टा "लिलाम सकार वा प्रचलित बजार मूल्यमा बिक्री" भन्ने शब्दहरू राखिएका छन्।

(४) दफा ३५ मा रहेका "सम्पत्ति वा साधनको" भन्ने शब्दहरूको सट्टा "सम्पत्तिको" भन्ने शब्द राखी सोही दफामा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर अदालतको आदेश बमोजिम जफत भएको चल सम्पत्ति वा कसूरसँग सम्बन्धित साधनको प्रयोगको सम्बन्धमा विभागले आवश्यक र उपयुक्त व्यवस्था गर्न सक्नेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) दफा ३८ को,-

(क) उपदफा (३) मा रहेको "अधिकारीले" भन्ने शब्दपछि "दफा १७, १८ र २० को प्रयोजनको लागि" भन्ने शब्दहरू राखिएका छन्।

(ख) उपदफा (४) मा रहेको "कार्यालयमा" भन्ने शब्दपछि "दफा २१ र ३१ को प्रयोजनको लागि" भन्ने शब्दहरू राखिएका छन्।

**५३. राष्ट्रिय युवा परिषद् ऐन, २०७२ मा संशोधन** : राष्ट्रिय युवा परिषद् ऐन, २०७२ को दफा १२ को खण्ड (ख) मा रहेका "स्थानीय निकाय" भन्ने शब्दहरूको सट्टा "स्थानीय तह" भन्ने शब्दहरू राखिएका छन्।

**५४. नेपाल खुला विश्वविद्यालय ऐन, २०७३ मा संशोधन** : नेपाल खुला विश्वविद्यालय ऐन, २०७३ को,-

(१) दफा ३२ को सट्टा देहायको दफा ३२ राखिएको छः-

"३२. मान्यता दिने : विश्वविद्यालयले अन्य विश्वविद्यालय वा शैक्षिक संस्थाको शैक्षिक उपाधिलाई मान्यता दिन सक्नेछ।"

(२) दफा ३३क. को उपदफा (३) मा रहेका "उपदफा (२)" भन्ने शब्दहरूको सट्टा "उपदफा (१)" भन्ने शब्दहरू राखिएका छन्।

**५५. न्याय परिषद् ऐन, २०७३ मा संशोधन** : न्याय परिषद् ऐन, २०७३ को दफा ६ को ठाउँ ठाउँमा रहेका "व्यवस्थापिका-संसद्" भन्ने शब्दहरूको सट्टा "सङ्घीय संसद्" भन्ने शब्दहरू राखिएका छन्।

**५६. न्याय सेवा आयोग ऐन, २०७३ मा संशोधन** : न्याय सेवा आयोग ऐन, २०७३ को दफा १३ को उपदफा (४) मा रहेका "पचास



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रतिशत" भन्ने शब्दहरूको सट्टा "चालिस प्रतिशत" भन्ने शब्दहरू राखिएका छन्।

**५७. न्याय प्रशासन ऐन, २०७३ मा संशोधन** : न्याय प्रशासन ऐन, २०७३ को दफा ३१ को उपदफा (५) पछि देहायका उपदफा (६), (७) र (८) थपिएका छन्:-

"(६) तत्काल कायम रहेको भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी ऐन, २०७२ को दफा २६ को उपदफा (९) बमोजिम उच्च अदालतमा सरी विचाराधीन रहेका पुनरावेदनको कारबाही, सुनुवाई र किनारा गर्न नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी देहायको पुनरावेदन समिति गठन गर्न सक्नेछः-

(क) न्याय परिषद्को परामर्शमा उच्च अदालतको न्यायाधीशमध्येबाट नेपाल सरकारले तोकेको न्यायाधीश -अध्यक्ष

(ख) पूर्वाधार, इन्जिनियरिङ, कानून, अर्थशास्त्र, व्यवस्थापन, आर्थिक वा सार्वजनिक विकास, पुरातत्व, सार्वजनिक खरिद वा सामाजिक विकासको विषयमा मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको कार्यानुभव भएका व्यक्तिहरूमध्येबाट नेपाल सरकारले नियुक्त गरेका दुई जना -सदस्य"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(७) उपदफा (६) बमोजिम समिति गठन भएपछि तत्काल कायम रहेको भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी ऐन, २०७२ को दफा २६ को उपदफा (९) बमोजिमका पुनरावेदन तथा सोसँग सम्बन्धित मिसिलहरू सम्बन्धित उच्च अदालतले एक महिनाभित्र त्यस्तो समितिमा पठाउनु पर्नेछ।

(८) उपदफा (६) बमोजिम गठन भएको समितिको कार्यविधि सोही सूचनामा तोकिए बमोजिम हुनेछ।"

**५८. निर्वाचन आयोग ऐन, २०७३ मा संशोधन :** निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ को उपदफा (२) मा रहेको "आयोगले" भन्ने शब्दपछि "सोको अभिलेख राखी" भन्ने शब्दहरू थपिएका छन्।

**५९. योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ मा संशोधन :** योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को,-

(१) दफा ४ को उपदफा (४) मा रहेका "पन्ध्र दिनभित्र" भन्ने शब्दहरूको सट्टा "पच्चिस दिनभित्र" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा ५ पछि देहायको दफा ५क. थपिएको छः-

"५क. वैदेशिक रोजगारीमा रहेका नागरिक सामाजिक सुरक्षा योजनामा सहभागी हुन सक्ने : (१) प्रचलित कानून बमोजिम नेपालबाट जुनसुकै विदेशी मुलुकमा रोजगारीमा जाने कामदार वा विदेशमा स्वरोजगारमा संलग्न नेपाली नागरिकले समितिको सिफारिसमा मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

योगदान रकम कोषमा जम्मा गरी सामाजिक सुरक्षा योजनामा सहभागी हुन सक्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि वैदेशिक रोजगारीमा रहेका कामदार वा विदेशमा स्वरोजगारमा संलग्न नेपाली नागरिकले कोषमा दाखिला गर्नु पर्ने मासिक योगदानको रकम सङ्कलन गर्ने विषयमा कोषले सम्बन्धित विदेशी मुलुकको सामाजिक सुरक्षा प्रदान गर्ने संस्था वा अन्य निकायसँग सहकार्य गर्न सक्नेछ।

(३) कोषले वैदेशिक रोजगारीमा रहेका वा विदेशमा स्वरोजगारमा संलग्न नेपाली नागरिक सम्बन्धित मुलुकको सामाजिक सुरक्षा योजनामा संलग्न भए बापत त्यस्तो सुविधा नेपालमै उपलब्ध गराउने गरी सम्बन्धित मुलुकको सामाजिक सुरक्षा योजना सञ्चालन गर्ने संस्था वा निकायसँग सहकार्य गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(४) वैदेशिक रोजगारीमा जाने कामदार वा विदेशमा स्वरोजगारमा संलग्न नेपाली नागरिकलाई सामाजिक सुरक्षामा आबद्ध गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

(३) दफा ९ को,-

(क) उपदफा (४) मा रहेका "योगदान रकम नबुझाउने सूचीकृत रोजगारदातालाई त्यस्तो योगदान रकम नबुझाएसम्म" भन्ने शब्दहरूको सट्टा "कोषमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सूचीकरण नगर्ने, नगराउने वा योगदान रकम नबुझाउने रोजगारदातालाई" भन्ने शब्दहरू राखिएका छन्।

(ख) उपदफा (५) पछि देहायको उपदफा (६) थपिएको छः-

"(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सूचीकृत रोजगारदाताले दफा ४ मा उल्लिखित अवधिभित्र योगदान बापतको रकम कोषमा जम्मा नगरेमा त्यस्तो अवधिपछि योगदान रकम कोषमा जम्मा नगरेको अवधिभित्र दुर्घटना वा मृत्यु भई श्रमिकलाई यस ऐन बमोजिमको कुनै सुविधा उपलब्ध गराउनु पर्ने अवस्था भएमा त्यस्तो सुविधा बराबरको रकम सम्बन्धित रोजगारदाताले नै श्रमिकलाई उपलब्ध गराउनु पर्नेछ।"

(४) दफा १७ को उपदफा (१) मा रहेका "कोषमा सूचीकरण नगरेमा कोषले" भन्ने शब्दहरूको सट्टा "कोषमा सूचीकरण नगरेमा वा योगदानकर्ताको योगदान रकम दफा ४ को उपदफा (४) बमोजिमको समयभित्र जम्मा नगरेमा कार्यकारी निर्देशकले" भन्ने शब्दहरू राखिएका छन्।

(५) दफा २९ को उपदफा (१) को खण्ड (क) र (च) को सट्टा देहायका खण्ड (क) र (च) राखिएका छन्:-

"(क) सचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय -अध्यक्ष

(च) सहसचिव, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय -सदस्य"

(६) दफा ३३ पछि देहायको दफा ३३क. थपिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"३३क. <u>कोषको खर्च</u> : (१) कोषको तर्फबाट गरिने सम्पूर्ण खर्चहरू दफा २६ बमोजिमको कोषबाट व्यहोरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कोषको लगानीबाट प्राप्त वार्षिक कुल आय रकमको दश प्रतिशतभन्दा बढी नहुने गरी प्रशासनिक खर्च गर्न सकिनेछ र त्यस्तो रकम कोषको स्वीकृत बजेट तथा कार्यक्रमको अधीनमा रही खर्च गर्नु पर्नेछ।"

(७) दफा ५२ मा रहेका "उच्च अदालत" भन्ने शब्दहरूको सट्टा "श्रम अदालत" भन्ने शब्दहरू राखिएका छन्।

(८) दफा ६७ को सट्टा देहायको दफा ६७ राखिएको छः-

"६७. <u>कोषको सुरक्षा, छुट र सुविधा</u> : यस ऐन बमोजिमको कोष र सोको योगदानकर्ताले कर्मचारी सञ्चय कोष ऐन, २०१९ बमोजिमको कोष र सोमा रकम जम्मा गर्ने कर्मचारीले पाए सरहको सुरक्षा, छुट र सुविधा पाउनेछन्।"

**६०. <u>विद्युत नियमन आयोग ऐन, २०७४ मा संशोधन</u> :** विद्युत नियमन आयोग ऐन, २०७४ को,-

(१) दफा २४ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) अध्यक्षको पद रिक्त भएमा वा प्रचलित कानून बमोजिम निलम्बन भएमा वा सात दिनभन्दा बढी बिदामा बसेमा वा नेपाल बाहिर गएको कारण आयोगमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उपस्थित नहुने अवस्था भएमा आयोगको वरिष्ठतम् सदस्यले आयोगको कायम मुकायम अध्यक्ष भई काम गर्नेछ।"

(२) दफा २६ मा रहेको "उर्जा" भन्ने शब्दको सट्टा "मन्त्रालयको" भन्ने शब्द राखी देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर अध्यक्ष निलम्बनमा रहेको र कुनै सदस्य बहाल नभएको अवस्थामा सदस्य नियुक्त भएमा त्यस्तो सदस्यले मन्त्रालयको मन्त्री समक्ष शपथ लिनु पर्नेछ।"

(३) दफा ३२ पछि देहायको दफा ३२क. थपिएको छः-

"३२क. <u>आयोगको सचिवलाई जिम्मेवारी तोक्न सक्ने</u> : आयोगको अध्यक्ष तथा सबै सदस्यको पद तीन महिनाभन्दा बढी अवधि रिक्त हुने अवस्था भएमा मन्त्रालयले आयोगको सचिवलाई बढीमा छ महिनाको लागि आयोगको काम, कर्तव्य र अधिकारको प्रयोग गर्ने गरी जिम्मेवारी तोक्न सक्नेछ।"

**६१. <u>श्रम ऐन, २०७४ मा संशोधन</u>** : श्रम ऐन, २०७४ को,-

(१) दफा ११३ को उपदफा (१) मा रहेका "यस ऐन, नियमावली," भन्ने शब्दहरूको सट्टा "यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावली," भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा १५१ को उपदफा (६) पछि देहायको उपदफा (७) थपिएको छः-

"(७) आफ्नो कार्यभार सम्हाल्नु अघि यस ऐन बमोजिम नियुक्त श्रम अदालतको अध्यक्षले सर्वोच्च अदालतको प्रधान न्यायाधीश समक्ष र सदस्यले अध्यक्ष समक्ष पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) दफा १८० को उपदफा (१) को खण्ड (क) मा रहेका "सशस्त्र प्रहरी बल" भन्ने शब्दहरूको सट्टा "सशस्त्र प्रहरी बल, नेपाल" भन्ने शब्दहरू राखिएका छन्।

(४) ठाउँ ठाउँमा रहेका "श्रम कार्यालय" भन्ने शब्दहरूको सट्टा "कार्यालय" भन्ने शब्द राखी रुपान्तर गरिएको छ।

६२. **राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७४ मा संशोधन** : राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७४ को दफा ३२ को उपदफा (१) मा रहेका "प्रवेशिका उत्तीर्ण" भन्ने शब्दहरूको सट्टा "प्रवेशिका वा सो सरह उत्तीर्ण" भन्ने शब्दहरू राखिएका छन्।

६३. **विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ मा संशोधन** : विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को,-

(१) दफा ६ को उपदफा (२) को खण्ड (ठ) पछि देहायको खण्ड (ठ१) थपिएको छः-

"(ठ१) दफा ९ बमोजिमका विशेषज्ञ सदस्यहरू - सदस्य"

(२) ठाउँ ठाउँमा रहेका देहायका शब्दहरूको सट्टा देहायका शब्दहरू राखी रुपान्तर गरिएको छः-

(क) "प्रदेश विपद् व्यवस्थापन परिषद्" भन्ने शब्दहरूको सट्टा "प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन परिषद्",

(ख) "प्रदेश विपद् व्यवस्थापन समिति" भन्ने शब्दहरूको सट्टा "प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति",

(ग) "जिल्ला विपद् व्यवस्थापन समिति" भन्ने शब्दहरूको सट्टा "जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति",



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) "स्थानीय विपद् व्यवस्थापन समिति" भन्ने शब्दहरूको सट्टा "स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति"।

**६४. <u>राजर्षिजनक विश्वविद्यालय ऐन, २०७४ मा संशोधन</u> :** राजर्षिजनक विश्वविद्यालय ऐन, २०७४ को,-

(१) दफा ३५क. को उपदफा (३) मा रहेका "उपदफा (२)" भन्ने शब्दहरूको सट्टा "उपदफा (१)" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा ३४ को,-

(क) दफा शीर्षकमा रहेका "दिने तथा समकक्षता र स्तर निर्धारण गर्ने" भन्ने शब्दहरूको सट्टा "तथा मान्यता दिने" भन्ने शब्दहरू राखिएका छन्।

(ख) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) विश्वविद्यालयले अन्य विश्वविद्यालय वा शैक्षिक संस्थाको शैक्षिक उपाधिलाई मान्यता दिन सक्नेछ।"

**६५. <u>रोजगारीको हक सम्बन्धी ऐन, २०७५ मा संशोधन</u> :** रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा २२ को उपदफा (४) को स्पष्टीकरणको सुरुमा "यस उपदफाको प्रयोजनको लागि" भन्ने शब्दहरू थपिएका छन्।

**६६. <u>सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ मा संशोधन</u> :** सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ को,-

(१) दफा ९ को उपदफा (१) को खण्ड (झ) मा रहेका "खण्ड (ठ)" भन्ने शब्दहरूको सट्टा "खण्ड (ञ)" भन्ने शब्दहरू राखिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) दफा १२ को उपदफा (१०) मा रहेका “खण्ड (ख)” भन्ने शब्दहरूको सट्टा “खण्ड (ग)” भन्ने शब्दहरू राखिएका छन्।

(३) दफा ३७ को उपदफा (२) को खण्डक्रम "(न)" को सट्टा "(ध)" राखिएको छ।

६७. **<u>प्रशासकीय अदालत ऐन, २०७६ मा संशोधन</u> :** प्रशासकीय अदालत ऐन, २०७६ को,-

(१) दफा ७ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतलाई देहायका मुद्दा वा विषयमा भएको निर्णय वा अन्तिम आदेश उपर पुनरावेदन सुन्ने अधिकार हुनेछः-

(क) प्रचलित कानून बमोजिम कर्मचारीलाई दिइएको विभागीय सजाय,

(ख) कर्मचारीको सरुवा, बढुवा वा स्तरवृद्धि,

(ग) कर्मचारीको उपदान, निवृत्तभरण वा अवकाश,

(घ) कर्मचारी समायोजन,

(ङ) कर्मचारीको सेवाका अन्य शर्त तथा सुविधा सम्बन्धी विषय।"

(२) दफा ९ पछि देहायको दफा ९क. थपिएको छः-

“९क. <u>स्वार्थ बाझिएको मुद्दा हेर्न नहुने</u> : (१) अध्यक्ष वा सदस्यले स्वार्थ बाझिएको मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्न हुँदैन।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्वार्थ बाझिएको कारण अध्यक्षले कारबाही, सुनुवाई वा किनारा गर्न नहुने मुद्दामा अध्यक्ष बाहेकका दुई जना सदस्य भएको इजलासले त्यस्तो मुद्दाको कारबाही, सुनुवाई वा किनारा गर्नेछ।

तर स्वार्थ बाझिएको कारण अध्यक्ष र सदस्यले कारबाही, सुनुवाई वा किनारा गर्न नहुने मुद्दा प्रादेशिक अधिकारक्षेत्र भएको उच्च अदालतमा पठाउनु पर्नेछ र सम्बन्धित उच्च अदालतले त्यस्तो मुद्दाको कारबाही, सुनुवाई वा किनारा गर्नेछ।"

(३) दफा १० पछि देहायको दफा १०क. थपिएको छः-

"१०क. <u>जिल्ला अदालत मार्फत पुनरावेदन दिन सकिने</u> : यस ऐन बमोजिम प्रशासकीय अदालतमा दर्ता हुने निवेदन, पुनरावेदन तथा लिखित जवाफ लगायतका जुनसुकै लिखत दर्ता गर्न तथा अदालतबाट जारी हुने म्याद सूचना सम्बन्धित जिल्ला अदालत मार्फत तामेल गर्न सकिनेछ।"

(४) दफा १३ मा रहेका "सर्वोच्च अदालत वा" भन्ने शब्दहरू झिकिएका छन्।

(५) दफा १४ मा रहेका "सर्वोच्च अदालत वा" भन्ने शब्दहरू झिकिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) दफा १५ मा रहेका "र दफा १६ बमोजिम अनुमति प्राप्त गरेको अवस्थामा बाहेक त्यस उपर पुनरावेदन लाग्ने छैन" भन्ने शब्दहरू झिकिएका छन्।

(७) दफा १६ झिकिएको छ।

(८) दफा २३ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) यो उपदफा प्रारम्भ हुँदाका बखत अदालतको क्षेत्राधिकार अन्तर्गत पर्ने मुद्दा कुनै निकाय वा अधिकारी समक्ष दायर भई कारबाही चलिरहेको रहेछ भने त्यस्तो मुद्दा यो उपदफा प्रारम्भ भएको मितिले तीन महिनाभित्र त्यस्तो मुद्दासँग सम्बन्धित सक्कल मिसिल अदालतमा पठाउनु पर्नेछ। त्यसरी मिसिल प्राप्त भएपछि अदालतले मुद्दा दर्ता गरी त्यस्तो मुद्दाको कारबाही, सुनुवाई वा किनारा गर्नेछ।"

**६८. <u>राहदानी ऐन, २०७६ मा संशोधन</u> :** राहदानी ऐन, २०७६ को दफा १२ को उपदफा (४) मा रहेका "खण्ड (घ)" भन्ने शब्दहरूको सट्टा "खण्ड (ग)" भन्ने शब्दहरू राखिएका छन्।

**६९. <u>वातावरण संरक्षण ऐन, २०७६ मा संशोधन</u> :** वातावरण संरक्षण ऐन, २०७६ को,-

(१) दफा ११ को उपदफा (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित वन क्षेत्रको क्षेत्रफल वा कटान हुने रुख सङ्ख्या दश प्रतिशतसम्म घटेको वा बढेको भएमा पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने छैन। यसरी वन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

क्षेत्रको क्षेत्रफल वा कटान हुने रुखको सङ्ख्या घटेको वा बढेकोमा प्रस्तावकले सोको लिखित जानकारी सम्बन्धित निकायलाई दिनु पर्नेछ।"

(२) दफा १२ को ठाउँ ठाउँमा रहेको "मन्त्रालय" भन्ने शब्दको सट्टा "विभाग" भन्ने शब्द राखिएको छ।

(३) दफा २२ को उपदफा (४) को,-

(क) खण्ड (क) मा रहेका "बीस हजार रुपैयाँसम्म" भन्ने शब्दहरूको सट्टा "बिस हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म" भन्ने शब्दहरू राखिएका छन्।

(ख) खण्ड (ख) मा रहेका "पन्ध्र हजार रुपैयाँसम्म" भन्ने शब्दहरूको सट्टा "दश हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म" भन्ने शब्दहरू राखिएका छन्।

(४) दफा ४१ को उपदफा (२) मा रहेका "महानिर्देशकले" भन्ने शब्दको सट्टा "विभागको महानिर्देशकले" भन्ने शब्दहरू राखिएका छन्।

**७०. <u>वन ऐन, २०७६ मा संशोधन</u>** : वन ऐन, २०७६ को,-

(१) दफा ४२ को सट्टा देहायको दफा ४२ राखिएको छः-

"४२. **<u>वनक्षेत्रको प्रयोग</u>** : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना, लगानी बोर्डबाट लगानी स्वीकृत भएको योजना, राष्ट्रिय गौरवका आयोजना वा नेपाल सरकारले तोकेको मापदण्ड पूरा गरेका राष्ट्रिय प्राथमिकता प्राप्त खनिजजन्य उद्योग सञ्चालन गर्न राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्नु बाहेक अन्य कुनै पनि विकल्प नभएमा र प्रचलित कानून बमोजिमको वातावरणीय अध्ययनबाट त्यस्तो योजना,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आयोजना वा उद्योग सञ्चालन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने देखिएमा नेपाल सरकार, मन्त्रिपरिषद्ले त्यस्तो योजना, आयोजना वा उद्योग सञ्चालन गर्नको लागि राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्न तोकिए बमोजिम स्वीकृति दिन सक्नेछ।

**स्पष्टीकरण**: यस दफाको प्रयोजनका लागि "राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना" भन्नाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको योजना वा आयोजना सम्झनु पर्छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै प्रदेश वा स्थानीय तहले कुनै विकास योजना वा आयोजना सञ्चालन गर्दा राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्नु बाहेक अन्य कुनै विकल्प नभएमा र प्रचलित कानून बमोजिमको वातावरणीय अध्ययनबाट त्यस्तो योजना वा आयोजना सञ्चालन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने देखिएमा त्यस्तो योजना वा आयोजना सञ्चालन गर्न राष्ट्रिय वनको त्यस्तो भाग प्रयोग गर्न स्वीकृतिको लागि प्रदेश वा स्थानीय तहको प्राथमिकता प्राप्त आयोजना हो भनी प्रदेश मन्त्रिपरिषद्बाट निर्णय गरी नेपाल सरकारसमक्ष अनुरोध गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम अनुरोध भई आएमा नेपाल सरकार, मन्त्रिपरिषद्ले यस दफाको अधीनमा रही त्यस्तो योजना वा आयोजना सञ्चालन गर्नका लागि राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्न स्वीकृति दिन सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपदफा (१) बमोजिम स्वीकृति प्राप्त योजना, आयोजना वा उद्योग सञ्चालनको लागि राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्न दिंदा त्यस्तो योजना, आयोजना वा उद्योगले जति वन क्षेत्र प्रयोग गर्ने हो कम्तीमा त्यति नै क्षेत्रफल बराबरको निजी जग्गाको व्यवस्था गर्न, त्यस्तो जग्गामा वृक्षारोपण गरी पाँच वर्षसम्म रुख हुर्काउन तथा सम्भार गर्न र आयोजना सञ्चालन गर्दा हटाइने रुखको पाँच गुणाको दरले वृक्षारोपण गरी पाँच वर्षसम्म रुख हुर्काउन तथा सम्भार गर्नको लागि आवश्यक पर्ने तोकिए बमोजिमको रकम दफा ४५ बमोजिमको वन विकास कोषमा जम्मा गर्नु पर्नेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा नेपाल सरकारको अधिकांश स्वामित्वमा रहेको निकायबाट सञ्चालन हुने योजना, आयोजना वा उद्योगले जति वन क्षेत्र प्रयोग गर्ने हो कम्तीमा त्यति नै क्षेत्रमा वृक्षारोपण गरी पाँच वर्षसम्म रुख हुर्काउन र सम्भार गर्नको लागि आवश्यक पर्ने तोकिए बमोजिमको रकम दफा ४५ बमोजिमको वन विकास कोषमा जम्मा गर्नु पर्नेछ।

(६) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्युत प्रसारण वा वितरण र सञ्चार सेवा आयोजनाको हकमा राष्ट्रिय वनको कुनै भागमा टावर राख्नु पर्ने भएमा त्यस्तो टावरले ओगटेको क्षेत्र (टावर प्याड) को लागि उपदफा (४) बमोजिम निर्धारित रकमको दश प्रतिशत रकम तथा त्यस्तो प्रसारण लाईन वा विद्युत



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मार्गको अधिकार क्षेत्र (राईट अफ वे) बराबरको क्षेत्रमा वृक्षारोपण गर्न र हटाइने रुखको पाँच गुणाको दरले वृक्षारोपण गरी पाँच वर्षसम्म रुख हुर्काउन र सम्भार गर्नको लागि आवश्यक पर्ने तोकिए बमोजिमको रकम दफा ४५ बमोजिमको कोषमा जम्मा गर्नु पर्नेछ।

(७) उपदफा (४), (५) वा (६) बमोजिम प्राप्त रकम वनको विकास गर्नका लागि जग्गाको व्यवस्था गर्न, त्यस्तो जग्गामा वृक्षारोपण गरी रूख हुर्काउन तथा वनको पुनर्स्थापना, संरक्षण र व्यवस्थापन गर्नको लागि खर्च गर्नु पर्नेछ।

(८) उपदफा (१) वा (३) बमोजिम वनक्षेत्र प्रयोग गर्न स्वीकृति प्राप्त गर्नेले आयोजना सञ्चालन गर्नु पूर्व प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराई कार्यान्वयन गर्नु पर्नेछ।

(९) यस दफा बमोजिम वनको कुनै भाग प्रयोग गर्न स्वीकृति दिँदा कुनै व्यक्ति वा समुदायलाई कुनै हानि नोक्सानी हुने भएमा नेपाल सरकारले क्षतिपूर्तिको उपयुक्त व्यवस्था गर्नु पर्नेछ।"

(२) दफा ४५ को उपदफा (२) को,-

(क) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः-

"(घ) वातावरणीय सेवाबाट प्राप्त रकममध्ये तोकिए बमोजिमको रकम,"

(ख) खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपिएको छः-

"(ङ) वनक्षेत्र अन्य प्रयोजनको लागि दिए बापत प्राप्त रकम।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**७१. <u>विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ मा संशोधन</u> :** विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को,-

(१) दफा ६ को,-

(क) दफा शीर्षकमा रहेका "प्रकाशन वा" भन्ने शब्दहरू झिकिएका छन्।

(ख) उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः-

"(४) विज्ञापनरहित प्रसारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

(२) दफा १५ को खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः-

"(च) विदेशी च्यानलहरूबाट विज्ञापनरहित प्रसारण भए वा नभएको अनुगमन गरी कारबाही गर्ने।"

(३) दफा १६ को उपदफा (५) मा रहेका "सदस्य-सचिवले" भन्ने शब्दहरूको सट्टा "सचिवले" भन्ने शब्द राखिएको छ।

(४) दफा २६ को सट्टा देहायको दफा २६ राखिएको छः-

"२६. <u>सूचीकृत हुनुपर्ने</u> : (१) विज्ञापन कारोबार गर्ने सञ्चार माध्यम तथा विज्ञापन एजेन्सी तोकिए बमोजिमको विवरण दाखिला गरी बोर्डमा सूचीकृत हुनु पर्नेछ।

(२) यो दफा प्रारम्भ हुँदाका बखत कायम रहेका विज्ञापन कारोबार गर्ने सञ्चार माध्यम यो दफा प्रारम्भ भएको मितिले एक वर्षभित्र उपदफा (१) बमोजिम सूचीकृत हुनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) सूचीकृत सञ्चार माध्यम तथा एजेन्सीको वर्गीकरण तोकिए बमोजिम हुनेछ।"

**७२. <u>राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ मा संशोधन</u> :** राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को,-

(१) दफा १३ को उपदफा (१) मा रहेको "मन्त्रालयले" भन्ने शब्दको सट्टा "मन्त्रालय वा मन्त्रालयले तोकेको अधिकारीले" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा २५ को,-

(क) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) कुनै व्यक्तिगत घटना दर्ताको प्रमाणपत्रमा उल्लिखित नाम, थर, उमेर वा अन्य विवरण सच्याउनु परेमा सम्बन्धित व्यक्तिले एक पटक स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा तोकिएको ढाँचामा निवेदन दिन सक्नेछ ।"

(ख) उपदफा (२) मा रहेका "अन्य विवरण" भन्ने शब्दहरूपछि "एक पटक" भन्ने शब्दहरू थपिएका छन्।

(ग) उपदफा (४) मा रहेको "उमेर" भन्ने शब्दको सट्टा "विवरण" भन्ने शब्द राखिएको छ।

**७३. <u>सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तर-सम्बन्ध) ऐन, २०७७ मा संशोधन</u> :** सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तर-सम्बन्ध) ऐन, २०७७ को दफा २८ को उपदफा (३) मा रहेका "परिषद्को अध्यक्षले परिषद्को बैठक बोलाई" भन्ने शब्दहरूको सट्टा "अन्तरप्रदेश परिषद्को अध्यक्षले सो परिषद्को बैठक बोलाई" भन्ने शब्दहरू राखिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७४. **तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) ऐन, २०७९ मा संशोधन** : तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) ऐन, २०७९ को दफा ११ को उपदफा (४) मा रहेका "उपदफा (१)" भन्ने शब्दहरूको सट्टा "उपदफा (२)" भन्ने शब्दहरू राखिएका छन्।

७५. **मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय ऐन, २०७९ मा संशोधन** : मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय ऐन, २०७९ को दफा २० को,-

(१) दफा शीर्षकमा रहेका "दिने तथा समकक्षता र स्तर निर्धारण" भन्ने शब्दहरूको सट्टा "तथा मान्यता दिने" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) विश्वविद्यालयले अन्य विश्वविद्यालय वा शैक्षिक संस्थाको शैक्षिक उपाधिलाई मान्यता दिन सक्नेछ।"

(३) उपदफा (४) मा रहेका ", समकक्षता, मान्यता र स्तर निर्धारण" भन्ने शब्दहरूको सट्टा "र मान्यता" भन्ने शब्दहरू राखिएका छन्।

७६. **योगमाया आयुर्वेद विश्वविद्यालय ऐन, २०७९ मा संशोधन** : योगमाया आयुर्वेद विश्वविद्यालय ऐन, २०७९ को दफा ४९ को,-

(१) दफा शीर्षकमा रहेका "दिने तथा समकक्षता र स्तर निर्धारण" भन्ने शब्दहरूको सट्टा "तथा मान्यता दिने" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(३) विश्वविद्यालयले अन्य विश्वविद्यालय वा शैक्षिक संस्थाको शैक्षिक उपाधिलाई मान्यता दिन सक्नेछ।"

(३) उपदफा (४) मा रहेका ",समकक्षता, मान्यता र स्तर निर्धारण" भन्ने शब्दहरूको सट्टा "र मान्यता" भन्ने शब्दहरू राखिएका छन्।

**७७. <u>बीमा ऐन, २०७९ मा संशोधन</u>** : बीमा ऐन, २०७९ को,-

(१) दफा १३ को खण्ड (च) मा रहेका "मध्यस्थता गर्ने" भन्ने शब्दहरूको सट्टा "मेलमिलाप गराउने" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा ११७ को उपदफा (१) मा रहेका "जुनसुकै कुरा लेखिएको भए तापनि" भन्ने शब्दहरू पछि "प्राधिकरणको स्वीकृति बिना" भन्ने शब्दहरू थपिएका छन्।

(३) दफा १५० को उपदफा (२) को खण्ड (ग) मा रहेका "दफा १२५" भन्ने शब्दहरूको सट्टा "दफा १२३" भन्ने शब्दहरू राखिएका छन्।

**७८. <u>खारेजी:</u>** देहायका ऐनहरू खारेज गरिएका छन्:-

(क) रकम तथा सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२०,

(ख) गरिबी निवारण कोष ऐन, २०६३।

प्रमाणीकरण मिति: २०८२।०४।१४

**आज्ञाले,**

**पाराश्वर ढुङ्गाना**

**नेपाल सरकारको सचिव ।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.४५।-
गो.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।